प्रकाशक
भू तथा जलाधार व्यवस्थापन कार्यालय
तनहुँ, दमौली
टेलिफोन नं. ०६५-५६३१७५, ०६५-५६५३७५
वेवसाइटः www.tanahun.swmo.gov.np
ईमेलः swmotanahun@gmail.com

सर्वाधिक ©
भू तथा जलाधार व्यवस्थापन कार्यालय
तनहुँ, दमौली

सम्पादक
श्याम सुन्दर अधिकारी
जलाधार व्यवस्थापन अधिकृत
भू तथा जलाधार व्यवस्थापन कार्यालय
तनहुँ, दमौली

सहयोग
सर्म्पूण कार्यालय परिवार

असार, २०७९

# दुई शब्द



गण्डकी प्रदेश हिमालदेखि तराई मधेश समेत मिलेर बनेको संघीय नेपालको एक महत्वपूर्ण प्रदेश हो । यस प्रदेशको भूगोल समथर तराई मधेश, मध्य पहाड र हिमाली खण्ड मिलेर बनेको छ । त्यस मध्ये भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँको कार्यक्षेत्र प्रदेशका ६ जिल्लाहरु नवलपरासी (बर्दघाट सुस्तापूर्व), गोरखा, लमजुङ, मनाङ, तनहुँ र कास्की रहेका छन् । यहाको धेरैजसो भूभाग भिरालो भु वनोट, कमलो तथा अस्थिर भौगर्भिक अवस्था तथा मनसूनको समयमा हूने भारी बर्षाको कारण प्राकृतिक रुपमै यो प्रदेशमा भुक्षय, बाढी, पहिरो र नदि कटानको दृष्टिकोणले अत्यन्त सम्वेदनशील छ भने मानवजन्य कृयाकलाप खासगरी अनूपयूक्त भु उपयोग, वन जंगलको विनास, भु संरक्षण एवं वातावरण मैत्री सोचाइ बिना संचालन गरिने विकास निर्माण कार्यहरु, जनचेतनाको कमी आदि कारणहरुले प्राकृतिक रुपमा हूने भुक्षय, बाढी र पहिरोका समस्याले भयावह बनाएको छ । भु क्षयको यस भयावह स्थितिलाई रोक्न समयमै यथोचित कदम नचालिएमा कार्यालयको कार्यक्षेत्र ६ वटै जिल्लाका जनताहरुको जिविकोपार्जनको प्रमूख आधारको रुपमा रहेको कृषियोग्य भुमि विनाश भई अनूपयूक्त भुमिको रुपमा परिणत नहोला भन्न सकिन्न । तसर्थ यस्तो भयावह अवस्थालाई कम गर्ने कार्यमा यस कार्यालयले स्थापनाकाल (साविकमा जिल्ला भूसंरक्षण कार्यालयको रुपमा रहँदा समेत) देखि नै कार्यक्षेत्रका विभिन्न गाउँपालिका तथा नगरपालिका क्षेत्रमा समस्याको प्रकृति र आवश्यकताका आधारमा भू संरक्षण तथा जलाधार व्यबस्थापनका कार्यक्रमहरु मार्फत स्थानिय जनतालाई सेवा प्रवाह गर्दै आएको छ ।

यस कार्यालयद्धारा भू संरक्षण तथा जलाधार ब्यवस्थापनसंग संबन्धित प्रतिरोधात्मक र उपचारात्मक तथा संरक्षणमुलक र उत्पादनमुलक सबैखालका कृयाकलापहरुलाई एकिकृत रुपमा समेटी स्थानिय जनताको सकृय सहभागितामा सञ्चालन गरिदै आएको छ । यस कार्यालयका कार्यक्रमहरु समस्याग्रस्त क्षेत्रका विभिन्न उपभोक्ता समूहहरु खासगरी सामूदायिक वन उपभोक्ता समूहहरु, कृषक समूह, आमा समूह एवं समूदायमा आधारित अन्य समूह मार्फत सञ्चालन गर्ने गरिएको छ । यस संरक्षण गतिविधि पाश्र्वचित्रमा भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले यस चालु आ.ब. २०७८।७९ मा यस कार्यालयले संचालन गरेका नियमित भू तथा जलाधार संरक्षणका विभिन्न क्रियाकलापहरुका अलावा संघीय सरकारको शर्सत तर्फ र प्रदेश सरकारबाट थप प्राप्त भएका क्रियाकलापहरु उपलब्ध समयावधिमा तोकिएका क्षेत्रमा संचालन एवं कार्यान्वयन गरी ९२ प्रतिशत भौतिक प्रगति र सरदर ८६ प्रतिशत वित्तीय प्रगति हासिल गर्न सफल भएको छ। तिनै कार्यक्रमहरुको यर्थाथ चित्र झल्किने गरी समग्र गतिबिधिहरुलाई कृयाकलापगत स्तरमा समेटी सोको बिस्तृत विवरण प्रकाशन गर्ने प्रयास गरिएको छ। मूलतः कार्यालयले सञ्चालन गरेको समग्र गतिबिधिहरुलाई अभिलेखिकरण गर्ने र कार्यालयको विवरण अद्यावधिक गर्ने जसले गर्दा पारदर्शिता, अनुगमन, अनुभव र सिकाईको आदानप्रदान तथा प्रचारप्रसार समेतको कार्यलाई सहयोग पुगोस् भन्ने उद्धेश्यका साथ यो पाश्र्वचित्र प्रकाशन गरिएको छ । यस पूस्तिकामा भएका सकारात्मक पक्षहरुको सही मूल्याङ्कन गरिदिनू हून र कमि कमजोरी भए सुझावको रुपमा निसंकोच प्रदान गरिदिनूहूने छ भन्ने अपेक्षा गरिएको छ।

अन्तमा, कार्यक्रम तथा बजेट उपलब्ध गराउने गण्डकी प्रदेश सरकार खासगरी वन, वातावरण तथा भू सरक्षण मन्त्री माननीय दिपक थापा ज्यू, मन्त्रालयका श्रीमान् सचिब बद्रिराज ढुङ्गाना ज्यू, वन निर्देशक ज्यू लगायत मन्त्रालय र निर्देशनालयका सर्म्पुण महाशाखा, शाखा प्रमुख ज्यूहरु लगायतमा हार्दिक आदार एवं कृतज्ञता व्यक्त गर्दछु । यस पाश्र्वचित्र तयार पार्ने काममा सर्म्पुण जिम्वेवारी बहन गरि अहोरात्र खटेर लाग्नु हुने जलाधार व्यवस्थापन अधिकृत श्यामसुन्दर अधिकारी यस कार्यमा आवश्यक विवरण दिई सहयोग पुर्‍याउने भू सं. अ. श्री चन्द्र प्रकाश सेडाई, इन्जिनियर आशिष पोखेल, सबइन्जिनियर अनुप छिमाल, सबइन्जिनियर लक्ष्मि सुवेदी, प्रशासन प्रमुख श्रीकान्त न्यौपाने तथा लेखा प्रमुख श्री पहल सिंह थापा र कार्यालयका अन्य कर्मचारीहरुमा हार्दिक धन्यवाद तथा कार्य क्षेत्रका स्थानिय उपभोक्ता समिति तथा जनताहरुलाई तोकिएको छोटो समयमा गुणस्तरीय र प्रभावकारी ढंगले कार्य सम्पन्न गर्न गराउन खेलेको महत्वपूर्ण भूमिकाका लागि हार्दिक धन्यवाद दिन चाहान्छु।

मितीः २०७९।०३।२४

विदुर नाथ सापकोटा

नि. बरिष्ठ जलाधार व्यवस्थापन अधिकृत